प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश

०५७ 522385
522387
522397
522897
522898
फ्याक्स: ०५७-५२७५०७
हेटौंडा

# प्रेस वक्तव्य

कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरूलाई प्रभावकारी, व्यवस्थित र समन्वयात्मक रूपमा परिचालन गर्नका लागि यस प्रदेशमा हालसम्म देहायको नीतिगत व्यवस्था र क्रियाकलापहरू सञ्चालन गरिएको छन।

**क. नीतिगत व्यवस्था**

१. कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ स्वीकृत ।

२. नेपाल सरकारबाट तयार भै कार्यान्वयनको लागि प्राप्त नीतिगत व्यवस्थाहरू सम्बन्धित निकायमा पठाइएको ।

क. कोरोना भाइरस सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६

ख. कोरोना भाइरस प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६

ग. कोरोना महामारी (COVID-१९) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन २०७६

घ. असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६(परिमार्जित)

**ख. श्रोत व्यवस्था**

१. कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रदेश भित्रका ३ वटा महानगरपालिकालाई रु.२० लाख, १ वटा उपमहानगरपालिकालाई रु.१५ लाख, ४१ वटा नगरपालिकालाई रु. १२ लाख, ७४ वटा गाँउपालिकालाई रु. १० लाख जिल्ला विपद व्यवस्थापन समितिलाई ५ लाखका दरले रकम निकासा गरिएको छ ।

२. COVID-१९ रोग नियन्त्रण र उपचारमा खर्च गर्नको लागि भरतपुरको कोरोना विशेष अस्पताललाई १ करोड, रत्ननगर नगरपालिकालाई गुञ्जमान अस्पतालमा कोरोना नियन्त्रणको लागि २० लाख, धुलिखेल नगरपालिकालाई धुलिखेल अस्पतालमा कोरोना उपचारको लागि २० लाख, सामाजिक विकास मन्त्रालय मार्फत स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई ३ करोड ७७ लाख हजार, हेटौंडा अस्पताललाई ५१ लाख, भक्तपुर अस्पताललाई ४१ लाख, धादिङ्ग अस्पताललाई ३१ लाख, त्रिसुली अस्पताललाई ३१ लाख, सिन्धुली अस्पताललाई ३१ लाख, स्वास्थ्य निर्देशनालयलाई २७ लाख, स्वास्थ्य कार्यालय मकवानपुरलाई २२

०५७ 522385 522387 522397 522897 522898
फ्याक्सः ०५७-५२७५०७

लाख, चौतारा अस्पताललाई २१ लाख लगायतका अन्य स्वास्थ्य संस्था समेत गरी कुल ९ करोड ९३ लाख निकासा गरिएको छ।

३. कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गरी प्रदेश सरकारबाट ४० करोड कोषमा जम्मा भएको ।

४. मिति २०७७ साल बैशाख ११ गते सम्म उक्त कोषमा माननीय मुख्यमन्त्री तथा मन्त्रीहरु, प्रदेश सभाका सदस्यहरु, विभिन्न संस्था, व्यक्ति, प्रदेशमा कार्यरत कर्मचारीको तर्फबाट रु २ करोड २०लाख २ हजार ७ सय ६१ गरी जम्मा रु ४२ करोड २०लाख २ हजार ७ सय ६१ संकलन भएको छ।

**ग. संरचनात्मक व्यवस्था**

१. मुख्य मन्त्रीको संयोजकत्वमा Province Corona Crisis Management Center को गठन भई मिति २०७६ चैत्र २३ गते र २०७७ वैशाख १० गरी दुई वटा वैठक सम्पन्न भएको।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा प्रदेश स्तरीय कोरोना नियन्त्रण समिति गठन भई एक वटा वैठक कार्य बसेको।

३. सामाजिक विकास मन्त्रीको संयोजकत्वमा स्वास्थ्य व्यवस्थापन समिति गठन भई दुईवटा बैठक सम्पन्न भएको।

४. उद्योग, पर्यटन,बन तथा वातावरण मन्त्रीको संयोजकत्वमा बजार अनुगमन उच्च स्तरीय समिति गठन भई अनुगमनको कार्य भइरहेको।

५. कोरोना भाइरस (nCovid-१९) संक्रमण रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी सर्वदलीय बैठक २०७६।१२।२६ गते सम्पन्न भएको।

६. २०७७ साल बैशाख ५ गतेका दिन बागमती प्रदेशका मुख्यमन्त्री मा. डोरमणि पौडेलको अध्यक्षतामा Province Corona Crisis Management Center को बैठक बसी समाजिक दुरीकायम राख्दै कृषि कार्यलाई सूचारु राख्ने लगायतको १४ बुंदे निर्णय गरियो ।

७. २०७७ साल बैशाख १० गते मा. मुख्यमन्त्रीज्यु, मा मन्त्रीज्यूहरु, प्रदेश सभाको मा. सभामुखज्यु, प्रदेश सभाको सदस्यज्यूहरूको सहभागितमा कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा छलफल भयो।

**घ. समन्वयात्मक कार्यहरु**

**१. प्रदेश र संघीय सरकार बीचको समन्वय**

क. २०७६ साल चैत्र १२ गते मा. उपप्रधानमन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यू बीच कोरोना भाइरस (nCovid-१९) संक्रमण रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी सम्बन्धी Video Conferencing मार्फत छलफल भयो।

☎ ०५७ 522385 522387 522397 522897 522898
फ्याक्सः ०५७-५२७५०७

ख. २०७६ साल चैत्र २९ गते सम्माननीय प्रधानमन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यू बागमती प्रदेश बीच कोरोना भाइरस (nCovid-१९) संक्रमण रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी सम्बन्धमा प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरूको प्रगति विवरण र बागमती प्रदेश सरकारले गरेको गरिएका विषयमा Video Conferencing मार्फत छलफल भयो ।

**२. प्रदेश र स्थानीयतह बीचको समन्वय**

अबको समय सूचना प्रविधिको समय भन्ने विषयलाई आत्मासाथ गर्दै बागमती प्रदेशले प्रविधिको प्रयोग गर्दै यस प्रदेशमा रहेका Web based Video Conference मार्फत छलफलको शुरुवात भएको छ।

क. माननीय मुख्यमन्त्रीज्यूले निम्नानुसार ३० वटा स्थानीय तहका प्रमुखहरूसँग कोरोना भाइरस नियन्त्रणका सन्दर्भमा स्थानीय तहबाट गरिएका सम्भावित जोखिम नागरिकहरूको पहिचान (Tracing), परीक्षण (Testing), उपचार (Treatment) र सहकार्य (Team Work), दैनिक ज्याला मजदुरी गर्ने आवश्यक नागरिकलाई राहत वितरण र सम्पादन गरिएका अन्य कार्यहरू जानकारी लिनु भएको ।

ख. उक्त छलफलमा प्रदेश सरकार र स्थानीय तहबीच नियमित रूपमा सूचना प्रवाह गर्ने संयन्त्र तयार गरी लागु गर्ने, सामाजिक दुरी कायम राख्दै कृषि कार्यलाई प्रभावकारी बनाउने, राहत वितरण कार्यलाई पारदर्शी एवम् प्रभावकारी बनाउने तथा प्रदेश सरकार र स्थानीय तहबीच सहकार्यात्मक रूपमा अघि बढाउने विषय समावेश भएका थिए।

छलफल भएका स्थानीय तहको विवरण

| सि.नं. | जिल्ला | पालिकाको नाम | प्रमुखको नाम | मिति |
|---|---|---|---|---|
| १ | मकवानपुर | मनहरी गाउँपालिका | एकराज उप्रेती | २०७७।०१।०२ |
| २ | चितवन | रत्ननगर नगरपालिका | नारायण बन | २०७७।०१।०२ |
| ३ | दोलखा | भिमेश्वर नगरपालिका | भरत ब. के.सी. | २०७७।०१।०२ |
| ४ | धादिङ्ग | धुनिवेसी नगरपालिका | बालकृष्ण आचार्य | २०७७।०१।०२ |
| ५ | सिन्धुली | घ्याङ्लेख गाउँपालिका | जगत ब. भोलन | २०७७।०१।०२ |
| ६ | चितवन | भरतपुर महानगरपालिका | रेणु दाहाल | २०७७।०१।०३ |
| ७ | | माडी नगरपालिका | ठाकुर प्रसाद ढकाल | २०७७।०१।०३ |
| ८ | सिन्धुली | मरिण गाउँपालिका | पानीराज बोम्जन | २०७७।०१।०३ |
| ९ | | सुनकोशी गाउँपालिका | दिपा वोहरा दाहाल | २०७७।०१।०३ |
| १० | | कमलामाई नगरपालिका | खड्ग बहादुर खत्री | २०७७।०१।०३ |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा

☎ ०५७ 522385
522387
522397
522897
522898
फ्याक्सः ०५७-५२७५०७

| | | | | |
|---|---|---|---|---|
| ११ | रामेछाप | मन्थली नगरपालिका | रमेश कुमार बस्नेत | २०७७।०१।०३ |
| १२ | रसुवा | गोसाईकुण्ड गाउँपालिका | कैसाङ्ग नुर्पु तामाङ | २०७७।०१।०३ |
| १३ | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | राजकुमार पौडेल | २०७७।०१।०३ |
| १४ | सिन्धुपाल्चोक | चौतारा साँगाचोक गढी नगरपालिका | अमान सिंह तामाङ | २०७७।०१।०८ |
| १५ | | मेलम्ची नगरपालिका | डम्बर बहादुर अर्याल | २०७७।०१।०८ |
| १६ | | त्रिपुरासुन्दरी गाउँपालिका | भुपेन्द्र श्रेष्ठ | २०७७।०१।०८ |
| १७ | नुवाकोट | विदुर नगरपालिका | सन्जु पण्डीत | २०७७।०१।०८ |
| १८ | | किस्पाङ्ग गाउँपालिका | छत्र बहादुर लामा | २०७७।०१।०८ |
| १९ | | शिवपुरी गाउँपालिका | रामकृष्ण थापा | २०७७।०१।०८ |
| २० | | बेलकोटगढी नगरपालिका | राजेन्द्र रमण खनाल | २०७७।०१।०८ |
| २१ | दोलखा | जिरी नगरपालिका | टंक बहादुर जिरेल | २०७७।०१।०९ |
| २२ | | शैलुङ्ग गाउँपालिका | भरत प्रसाद दुलाल | २०७७।०१।०९ |
| २३ | धादिङ्ग | निलकण्ठ नगरपालिका | भिम प्रसाद ढुंगाना | २०७७।०१।०९ |
| २४ | | गजुरी गाउँपालिका | राजेन्द्र बस्नेत | २०७७।०१।०९ |
| २५ | | गल्छी गाउँपालिका | कृष्णहरी श्रेष्ठ | २०७७।०१।०९ |
| २६ | रामेछाप | खाडादेबी गाउँपालिका | प्रेम बहादुर तामाङ | २०७७।०१।०९ |
| २७ | रसुवा | उत्तरगया गाउँपालिका | उपेन्द्र लम्साल | २०७७।०१।०९ |
| २८ | | आमा छोडिङ्मो गाउँपालिका | बुचुङ लामा | २०७७।०१।०९ |
| २९ | | नौकुण्ड गाउँपालिका | नुर्वु स्याङ्वो घले | २०७७।०१।०९ |
| ३० | काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका | अशोक कुमार ब्याजू | २०७७।०१।०९ |

**३. प्रमुख जिल्ला अधिकारीसँग Video Conference मार्फत छलफल**

२०७७ साल बैशाख ११ गते मा. मुख्यमन्त्रीज्यू र मा. आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले बागमती प्रदेशमा रहेका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग अहिलेको अवस्थामा नागरिकको सुरक्षा व्यवस्था, सामाजिक दुरी र पालना गर्नु विषय, विपद् व्यवस्थापन सम्बन्धी कार्य, शान्ति सुरक्षाको प्रभावकारी कार्यान्वयन र बाटोमा अलपत्र परेका व्यक्तिहरुको उद्धारका सम्बन्धमा छलफल गर्नु भयो।

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
नेपाल

०५७ 522385
522387
522397
522897
522898

फ्याक्सः ०५७-५२७५०७

हेटौंडा

ङ. **तथ्यगत विवरण (२०७७।१।११ गतेको)**

१. क्वारेन्टाईन बेड संख्या ३७४० र हाल बसेको विरामी संख्या ७७
२. होम क्वारेन्टाइनमा रहेको संख्या २११२
३. आइसोलेशन वेडसंख्या ९४३
४. RDT किटबाट गरिएको परीक्षण ६१५५, नेगेटिभ संख्या ६१४१, पोजेटिभ संख्या १४
५. संकलित नमुना (RD-PCR) १७०४, नेगेटिभ संख्या १६९८ र पोजेटिभ विरामीको संख्या ६ (अस्पतालबाट निको भई घर भएको बिरामीको संख्या ४ जना )

**मिति २०७७ वैशाख ११ गते विहीवार**

मदन प्रसाद पोखरेल
प्रवक्ता